बागचौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धित सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः-२०७६/०१/०८)

बागचौर नगरपालिका,नगरकार्यपालिकाको मिति २०७५/१२/१७ को निर्णय अनुसार बागचौर नगरपालिकाको कार्यालयमा रहने गरी ईन्जिनीयर(सिभिल जनरल), कार्यालय सहयोगी र शहरी स्वास्थ्य केन्द्र वडा नं.९ खोरबारेमा हे.अ.,स्टाफ नर्स वा अ.न.मी.पदको रुपमा देहायको संख्या र योग्यता भएको व्यक्ति करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको ५:०० बजे भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ। यसको लागि आवश्यक पर्ने फाराम यस कार्यालयबाट उपलब्ध गराईने छ।

**१. पद सम्बन्धि विवरण**

| वि.नं. | पद नाम | संख्या |
|---|---|---|
| ०६/०७५/०७६ | इन्जिनीयर (सिभिल जनरल) | १ (एक) |
| ०७/०७५/०७६ | हे.अ. | १ (एक) |
| ०८/०७५/०७६ | स्टाफ नर्स वा अ.न.मी. | १ (एक) |
| ०९/०७५/०७६ | कार्यालय सहयोगी | ४(चार) |

**२. शैक्षिक योग्यता र अनुभव सम्बन्धि :-**

**ईन्जिनीयर पदको लागि :**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनीयरीङ बिषयमा स्नातक तह उपाधि प्राप्त गरेको ।

ग. २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,महिलाको हकमा ४० वर्ष ननाघेको ।

घ. नेपाल ईन्जिनियरीङ काउन्सिलमा दर्ता भएको ।

ङ अन्य प्रचलित कानुनबाट अयोग्य नभएको ।

**हे.अ.पदको लागि :**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे.अ. बिषयमा प्रविणता प्रमाण पत्र तह उपाधि प्राप्त गरेको ।

ग. १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,महिलाको हकमा ४० वर्ष ननाघेको ।

घ. नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।

ङ अन्य प्रचलित कानुनबाट अयोग्य नभएको ।

**स्टाफ नर्स वा अ.न.मी.पदको लागि :**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स वा अ.न.मी.को शैक्षिक योग्यता प्राप्त गरेको ।

ग. १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,महिलाको हकमा ४० वर्ष ननाघेको ।

घ. सम्बन्धित परिषदमा दर्ता भएको ।

ङ अन्य प्रचलित कानुनबाट अयोग्य नभएको ।

२०७६/०१/०८

नि.प्रमुख प्रशासकीय अधिकृत

**कार्यालय सहयोगी पदको लागि :**

क. नेपाली नागरिक ।

ख.१८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,महिलाको हकमा ४० वर्ष ननाघेको ।

ग.आठ पास गरेको हुनुपर्ने ।

घ.अन्य प्रचलित कानुनबाट अयोग्य नभएको ।

**३.दरखास्त दस्तुर :**

क. इन्जिनियर पदको लागी १०००।- (एक हजार मात्र ) ।

ख. हे.अ.,स्टाफ नर्स वा अ.न.मी.पदको लागी रु ४००। (चार सय मात्र) र अ.न.मी. पदको लागि रु ३००। ( तिन सय मात्र) ।

ग.कार्यालय सहयोगी पदको लागी रु १००।- (एक सय मात्र) ।

४.**परीक्षाको किसिम** : लिखित र अर्न्तवार्ता ।(कार्यालय सहयोगी पदको अर्न्तवार्ता मात्र)

**५.सम्पर्क मिति** : २०७६/०१/२३ गते कार्यालय समयमा ।

**६.परीक्षा मिति** : सम्पर्क मितिको दिन जानकारी गराईने छ ।

**७.पदावधि** : मिति २०७६ असार मसान्त सम्म ।

**८.दरखास्तमा सम्लग्न गर्नुपर्ने कागजातहरु** :- नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ,शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,अनुभवको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवारले आफै प्रमाणित गरेको हुनुपर्ने छ । इन्जिनीयर , हे.अ., स्टाफ नर्स वा अ.न.मी.र कार्यालय सहयोगी छनौटमा स्थानीय र अनुभवीलाई प्राथमिकता दिईने छ ।

२०७६/०१/०८

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत